निम्न जानकारी मूल जापानी भाषाको अनुवाद हो।

# मे 20, 2021 बाट

सतर्कता तह 4

# सुरक्षित स्थानमा जाने निर्देशन दिंदा ठाउँ छोडेर जानुहोस्

## सुरक्षित स्थानमा जाने सुझावहरु अब जारी गरिने छैनन्

| सतर्कता तह | | नयाँ सुरक्षित स्थानमा जाने जानकारी | पहिलाको सुरक्षित स्थानमा जाने प्रणालीको जानकारी |
|---|---|---|---|
| 5 | प्राकृतिक प्रकोप हुन सक्ने/ प्रकोप आउँदै गरेको अवस्था | आकस्मिक सुरक्षा उपायहरू ※1 | विपद् आएको जानकारी (विपद आउने पक्का भएपछि एकपटक जारी गरिएको) |
| ~~~<सतर्कता तह 4 आएपछि सुरक्षित स्थानमा जाने निश्चित गर्नुहोस्!>~~~ | | | |
| 4 | प्राकृतिक प्रकोपको उच्च जोखिम | सुरक्षित स्थानमा जाने निर्देशन ※2 | · सुरक्षित स्थानमा जाने निर्देशन (आपतकालीन अवस्थामा)<br>· सुरक्षित स्थानमा जाने सुझाव |
| 3 | प्राकृतिक प्रकोपको जोखिम | वृद्धबृद्धा आदिलाई सुरक्षित स्थानमा लैजाने कार्य ※3 | सुरक्षित स्थानमा जाने तयारी र वृद्धवृद्धा र अन्य विशेष हेरचाह चाहिने मानिसहरुलाई सुरक्षित स्थानमा लैजान सुरु गर्ने |
| 2 | मौसम खराब हुँदै गरेको अवस्था | भारी वर्षा, बाढी वा आँधी हुरी आएको बेलामा पालना गर्नुपर्ने सल्लाहहरू (जापान मौसम विज्ञान एजेन्सी) | भारी वर्षा, बाढी वा आँधी हुरी आएको बेलामा पालना गर्नुपर्ने सल्लाहहरू (जापान मौसम विज्ञान एजेन्सी) |
| 1 | मौसम खराब हुने जोखिम | चेतावनीहरूको सम्भावना (जापान मौसम विज्ञान एजेन्सी) | चेतावनीहरूको सम्भावना (जापान मौसम विज्ञान एजेन्सी) |

नोट 1: सतर्कता 5 सधैं जारी हुदैंन किनभने, उदाहरणका लागि, नगरपालिकाका अधिकारीहरु सही रुपमा विपदको अवस्था ठीकसँग बुझ्न असमर्थ छन्।

नोट 2: सुरक्षित स्थानमा जाने निर्देशन पहिलाको प्रणालीअन्तर्गत जारी गरिएको सुरक्षित स्थानमा जाने सुझावको समयमा नै जारी गरिनेछ।

नोट 3: सतर्कता तह 3 भनेको बृद्धबृद्धाभन्दा अन्य मानिसहरुले उनीहरुको जीबनमा खतरा महसुस गरेमा आफ्नो व्यवहार मिलाउन वा आवश्यक परेको बेलामा सुरक्षित स्थानमा जान तयारी गर्न, वा आफैं अवस्थाअनुसार सुरक्षित स्थानमा जान तयारी गर्ने समय हो।

---

**सतर्कता तह 5 ले जीवन जोखिममा राख्ने अवस्थालाई सङ्केत गर्दछ जहाँ तपाईं सुरक्षित रुपमा बाहिर निस्कन सक्नुहुँदैन**
**सतर्कता तह 5, आकस्मिक सुरक्षा उपायहरू जारी हुन्छ भनेर नपर्खनुहोस्!**

**सुरक्षित स्थानमा निस्कने सुझाव अब जारी भइरहने छैन**
**अब देखि, सबै बासिन्दाहरूले सतर्कता तह 4, सुरक्षित स्थानमा जाने निर्देशन आएपछि खतरा भएको ठाउँबाट बाहिर निस्किनुपर्दछ।**

**सुरक्षित रुपमा लैजान धेरै समय लाग्ने बृद्धबृद्धा मानिस वा शारीरिक रुपमा अशक्त मानिसलाई, सतर्कता तह 3, बृद्धबृद्धा आदि मानिसहरुलाई बाहिर लैजानुपर्छ आदि भनेर देखाएपछि खतरा भएको ठाउँबाट सुरक्षित स्थानमा लैजानु पर्दछ।**